स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

# मध्यपुर थिमि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

थिमि, भक्तपुर, बागमती प्रदेश, नेपाल

---

## कक्षा ११ को छात्रवृत्ति सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१।३।२३ (ने.सं. ११४४ दिल्लाथ्वः २, आइतबार)

मध्यपुर थिमि नगरपालिका भित्र सञ्चालित कक्षा ११ मा अध्यापन हुने संस्थागत शिक्षण संस्थामा शैक्षिक सत्र २०८१।०८२ का लागि छात्रवृत्तिमा विद्यार्थी छनोट गर्न सञ्चालन हुने परीक्षाका लागि मिति २०८० साल चैत्र १७ गते देखि सञ्चालित एसइइ परीक्षामा सहभागी भएका विद्यार्थीहरुले मिति २०८१ असाढ २३ गते विहान १०:०० बजे देखि मिति २०८१ श्रावण ४ गते शुक्रवार राति ११:५९ बजे सम्म scholarship.madhyapurthimi.info मार्फत अनलाइन आवेदन फारम पेश गर्न सूचना आह्वान गरिएको छ।

१. छात्रवृत्ति परीक्षा सञ्चालन हुने कार्यक्रमहरुको विवरणः

| विषय | परीक्षा हुने मिति |
|---|---|
| Science/Management/Humanities/Education/Law | मिति २०८१ श्रावण १२ गते विहानको ८:०० बजेदेखि विहान १०:०० बजेसम्म |

***उल्लेखित सबै कार्यक्रमको पूर्णाङ्क १०० र परीक्षा समयवधि दुई घण्टाको हुनेछ। उम्मेदवारले एक भन्दा बढी शैक्षिक विषयमा आवेदन फारम पेश गर्न पाउने छैन।***

२. अनलाइन आवेदन फारम पेश गर्ने अन्तिम मितिः २०८१ श्रावण ४ गते राति ११:५९ बजे सम्म (आवेदन शुल्कः निःशुल्क)

३. विभिन्न कार्यक्रमा आवेदन दिन आवश्यक न्युनतम योग्यता।
   - क. एसइइमा न्युनतम १.६ GPA ल्याइ पुरा गरेको।
   - ख. सामुदायिक तथा संस्थागत विद्यालयबाट एसइइ पुरा गरेको।
   - ग. मध्यपुर थिमि नगरपालिकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकताको वा बसाईसराईको प्रमाणपत्र।

४. प्रवेश परीक्षाको पाठ्यक्रम र उत्तीर्णाङ्क सम्बन्धी व्यवस्था
   - १. सबै प्रश्नहरु बहुबैल्पिक हुनेछन्।
   - २. कक्षा १० को पाठ्यक्रममा आधारित अनिर्वाय गणित, विज्ञान, अंग्रेजी विषयबाट ३०/३०/३० प्रश्न र सामान्य ज्ञानबाट १० प्रश्न सोधिनेछ।
   - ३. छात्रवृत्ति परीक्षा उत्तीर्ण हुन न्युनतम ४० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ।
   - ४. गलत उत्तरका लागि नेगेटिभ मार्किङ (Negative Marking) गरिने छैन।
   - ५. अनलाइन आवेदन फारम पेश गर्ने विधि तथा निर्देशनहरुः
     - क. अनलाइन फारम scholarship.madhyapurthimi.info मा उपलबध हुनेछ। सो आवेदन फारम तोकिएको समयावधि भित्र अनलाइन माध्यमबाट मात्र पेश गर्न सकिनेछ।
     - ख. अनलाइन फारम भर्दाका बखत नै आफुले अध्ययन गर्न चाहेको विषय अनुसार विद्यालयको प्राथमिकता क्रम निर्धारण गर्नु पर्नेछ। सोही बमोजिम योग्यताक्रम प्रकाशित हुनेछ।

स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

# मध्यपुर थिमि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

थिमि, भक्तपुर, बागमती प्रदेश, नेपाल

२०७३

ग. अनलाइन फारम भर्न चाहने आवश्यक कागजातहरु

- SEE को Gradesheet
- पासपोर्ट साईजको फोटो
- जन्मदर्ता वा नागरिकताको वा बसाईसराईको प्रमाणपत्र।

घ. पेश गरेका विवरणहरु झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरुको आवेदन फारम रद्द गरिनुका साथै भर्ना भइसकेको भए पनि भर्ना समेत रद्द गरिनेछ।

ङ. शाखाबाट फारम रुजु यकिन भए पश्चात विवरण ईमेलमा मात्र Final confirmation पठाइनेछ।

६. छात्रवृत्ति छनोट सम्बन्धि सीट विवरण आवेदन साथ पेश गर्नु पर्ने कागजात प्रवेशपत्र सम्बन्धि व्यवस्था नतिजा प्रकाशन तथा भर्ना सम्बन्धि व्यवस्था मध्यपुर थिमि नगरपालिकाको सूचना बमोजिम हुनेछ।